# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
# बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुरको
# सेवा करारमा लिने सम्बन्धी सूचना !

(गोरखापत्रमा प्रकाशित मिति २०८०/०९/०५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बागमती प्रदेश अन्तर्गतका शिक्षालयहरुमा अर्को निर्णय नभएसम्म हाललाई २०८२ आषाढ मसान्तसम्मको लागि प्राविधिक/प्रशिक्षण तर्फ व्यक्ति सेवा करारमा लिनु पर्ने भएको हुँदा ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र तोकिएको दस्तुर सहित दरखास्त फाराम परिषद् बागमती प्रदेश कार्यालयको Email: bpovacancy2081@gmail.com मा इमेल गर्नुहुन वा भौतिक रुपमा उपस्थित भई बागमती प्रदेश कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण (*पद, न्युनतम शैक्षिक योग्यता, पाठ्यक्रम, परीक्षा प्रणाली, कार्य गर्नु पर्ने स्थान, तलब भत्ता तथा अन्य सुबिधा, दरखास्त दस्तुर आदि*) परिषद् बागमती प्रदेश कार्यालयको वेवसाइट www.ctevtbagmati.org.np र परिषद् केन्द्रिय कार्यालयको वेवसाइट www.ctevt.org.np मा हेर्न सकिने छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, बागमती प्रदेश कार्यालय अन्तर्गतका शिक्षालयहरुका लागि आवश्यक पदहरु ।

| **बिज्ञापन नं.** | **पद** | **श्रेणी** | **माग संख्या** | **शिक्षण कार्य गर्नु पर्ने शिक्षालयहरुको नाम** |
|---|---|---|---|---|
| ०१-२०८१/०८२ | निर्माण प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | १ | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन |
| ०२-२०८१/०८२ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | १ | दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय, माडी, चितवन |
| ०३-२०८१/०८२ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | १ | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा |
| ०४-२०८१/०८२ | जियोमेटिक्स प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | १ | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन |
| ०५-२०८१/०८२ | मिडवाईफ्री प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | १ | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा |
| ०६-२०८१/०८२ | होटल व्यवस्थापन प्रशिक्षक | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | १ | पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालय, बिदुर, नुवाकोट |
| ०७-२०८१/०८२ | कृषि प्रशिक्षक (पशु बिज्ञान) | अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक | १ | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा |
| ०८-२०८१/०८२ | जियोमेटिक्स सहायक प्रशिक्षक | सहायक स्तर प्रथम श्रेणी प्राविधिक | १ | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन |

| | | | | |
|---|---|---|---|---|
| ०९-२०८१/०८२ | सूचना प्रविधि सहायक | सहायक स्तर प्रथम श्रेणी प्राविधिक | १ | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन |
| १०-२०८१/०८२ | फार्मेसी सहायक प्रशिक्षक | सहायक स्तर प्रथम श्रेणी प्राविधिक | १ | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा |
| ११-२०८१/०८२ | होटल व्यवस्थापन सहायक  प्रशिक्षक | सहायक स्तर प्रथम श्रेणी प्राविधिक | १ | पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालय, बिदुर, नुवाकोट |
| १२-२०८१/०८२ | नर्सिङ्ग सहायक प्रशिक्षक | सहायक स्तर प्रथम श्रेणी प्राविधिक | १ | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा |

माथि उल्लेखित पदहरुको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता देहाय बमोजिम रहेको छ ।

**प्राविधिक तथा प्रशिक्षण सेवा (अधिकृत स्तर तृतीय श्रेणी) तर्फ:**

| सि.नं. | पदनाम | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | निर्माण प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| २. | कृषि प्रशिक्षक (पशु विज्ञान) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (पशु विज्ञान/पशुपालन) विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ३. | जियोमेटिक्स प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोमेटिक्स/सर्भे इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ४. | मिडवाईफ्री प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मिडवाईफरी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ५. | होटल व्यवस्थापन प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल मेनेजमेन्ट विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ६. | फार्मेसी प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | **प्राविधिक तथा प्रशिक्षण (सहायक स्तर प्रथम श्रेणी) तर्फ** | |
| १. | सूचना प्रविधि सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग विषय वा सूचना प्रविधि विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २. | फार्मेसी सहायक प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषय लिई प्रविणता/प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह |
| ३. | नर्सिङ्ग सहायक प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषय लिई प्रविणता/प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह |
| ४. | होटल व्यवस्थापन सहायक प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल मेनेजमेन्ट विषयमा प्रविणता/प्रमाणपत्र तह  उत्तीर्ण वा सो सरह । |

| | | |
|---|---|---|
| ५. | जियोमेटिक्स सहायक प्रशिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोमेटिक्स इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |

१. **उमेरको हद:** अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक र सहायक स्तर प्रथम श्रेणी प्राविधिक पदको लागि २१ बर्ष उमेर पुरा भई ५० बर्ष ननाघेको । "उमेर " भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्दछ ।

२. **समकक्षता** निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपी स्वयंद्वारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । दरखास्त साथ् पेश नभएको समकक्षता मान्य हुने छैन ।

३. **व्यवसायी परिषद् दर्ता:** प्राविधिक तथा प्रशिक्षण सेवा अन्तर्गत प्राविधिक पदमा दरखास्त दिने उम्मेदवारले आफ्नो उपाधिसंग सम्बन्धित पेशा व्यवसायको काम गर्न सम्बन्धित परिषद् लगायत पेशागत संगठनहरुमा दर्ता हुनुपर्ने प्रावधान रहेकोले सम्बन्धित व्यावसायिक परिषद् दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि/ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४. **तलबभत्ता र सुबिधा:** परिषद्को कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (संशोधन सहित) बमोजिम हुनेछ ।

५. **कार्य गर्नु पर्ने स्थान :** परिषद् बागमती प्रदेश कार्यालयबाट तोकिएका आङ्गिक शिक्षालयहरुमा जुन शिक्षालयको लागि फाराम भरेको हो सोही शिक्षालयमा मात्र कार्य गर्नुपर्ने छ ।

६. सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको र न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन । त्यस्तो फाराम स्वीकृत भएको पाईएमा जुनसुकै बखत पनि स्वत: रद्द हुनेछ ।

७. पाठ्यक्रम परिषद्को वेबसाइट www.ctevt.org.np मा Log In गरी CAREER बाट सेवा करारको पाठ्यक्रम डाउनलोड गर्न सकिने छ ।

८. **दरखास्त दस्तुर:** परिषद् बागमती प्रदेश कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, हेटौडा, मकवानपुरमा रहेको खाता नं १३००१००००३६६९००१ मा देहायको श्रेणी अनुसार तोकिएको परीक्षा दस्तुर बुझाई सो को सक्कल भौचर स्क्यान गरी संलग्न गर्नु पर्ने छ । साथै रकम जम्मा गर्दा बैंक भौचरमा दरखास्त दिने निवेदकको नाम थर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ ।

९. **दरखास्त दस्तुर:**

| **सि.नं** | **श्रेणी** | **परीक्षा दस्तुर** |
|---|---|---|
| १. | अधिकृत स्तर तृतीय | १०००/०० |
| २. | सहायक स्तर प्रथम | ४००/०० |
| ३. | सहायक स्तर द्वितीय | ३००/०० |

१०. **परीक्षाको किसिम तथा अङ्क भार:** अङ्क भार तथा प्रतियोगिताको किसिम सेवा सम्बन्धी दोश्रो पत्रबाट १ (एक) घण्टाको समयमा लिईनेछ । बस्तुगत बहुउत्तर परीक्षा प्रश्न संख्या ५० र प्रति प्रश्न अङ्क २ हुने छ । कुल पुर्णाङ्क: १०० र उत्तिर्णाङ्क: ४० हुनेछ ।

| | |
|---|---|
| ११. | यस सुचनामा उल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा सर्त तथा सुविधा सम्बन्धी विनियमावली २०६९( छैठौ संशोधन सहित) र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । |
| १२. | उपरोक्त बमोजिमका समान पदहरुको लिखित परीक्षा एकै दिन एकै समयमा परिषद् बागमती प्रदेश कार्यालयले तोकेको स्थानमा संचालन हुनेछ । कुनै उम्मेदवारले कुनै एक शिक्षालयको लागि मात्र फाराम भर्न पाउने छन् । |
| १३. | **फाराम:** फाराम www.ctevtbagmati.org.np बाट डाउनलोड गर्न सकिने छ अथवा प्रदेश कार्यालयबाट प्राप्त गर्न सकिने छ । |
| १४. | आवेदन फाराम बुझाउने स्थान: बागमती प्रदेश कार्यालय, नवलपुर सरस्वति टोल, हेटौडा, मकवानपुर । |
| १५. | परीक्षा मिति बागमती प्रदेश कार्यालयको website मा पछि प्रकाशन गरिने छ । |
| १६. | थप जानकारीको लागि परिषद् बागमती प्रदेश कार्यालयको हटलाइन :९८५५०३४९९१ सम्पर्क टेलिफोन नं:०५७-५२४९९१, ०५७-२२१६९ मा सम्पर्क गर्न सकिने छ । |

**अध्यक्ष**

**सेवा करार व्यक्ति छनौट उप-समिति**